# बैठक नं. १

आज मिति २०७९ जेष्ठ १० गते मंगलबार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री श्यामसुन्दर अधिकारी | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत(पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य सचिव | श्री राजेन्द्र कार्की | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
| १ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ३ | सूचना प्रविधि अधिकृत | श्री परशुराम चौलागाई | |

Scanned with CamScanner

**विषयवस्तुहरु**

१. सहिदहरुप्रति श्रदाञ्जली,
२. नगरवासीहरुमा धन्यवाद ज्ञापन,
३. निवर्तमान जनप्रतिनिधिहरुमा धन्यवाद ज्ञापन,
४. हेल्लो मेयर टोल फ्रि नम्बर,
५. घर दैलोमा पञ्जीकरण कार्यक्रम,
६. अख्तियारी सम्बन्धमा,
७. विविध।

**निर्णय नं. १**

लोकतन्त्र र गणतन्त्र प्राप्तीका लागि विभिन्न समयमा सहादत प्राप्त गरेका ज्ञात अज्ञात अमर सहिदहरुप्रती हार्दिक सम्मानसहित श्रदाञ्जली अर्पण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा भाग लिई अमुल्य मतदान गर्नुहुने सम्पुर्ण नगरवासीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

२०७४ सालको स्थानीय तहको पहिलो निर्वाचनमार्फत निर्वाचित भई आफ्नो कार्यकाल सफलतापुर्वक सम्पन्न गर्नु भएकोमा उहाँहरुको योगदानको लागि सम्पुर्ण निवर्तमान जनप्रतिनिधीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरवासीहरुको गुनासोलाई तत्काल सम्वोधन गर्नका लागि नगरपालिका कार्यालयमा हेलो मेयर टोल फ्रि नम्बर जडान गरी तत्काल सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगरपालिका कार्यालयबाट उपलब्ध गराउदै आएको पञ्जीकरण दर्ता अन्तरगत जन्म दर्ता र मृत्यु दर्ता सेवालाई जनताको घर दैलोमा नै गई सरल र सहज तरिकाले उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ६

यस कीर्तिपुर नगरपालिका, नगरकार्यपालिका कार्यालयको विपक्षमा परेका सम्पुर्ण मुद्दा मामिला तथा नगरपालिका पक्ष भई गरिने मुद्दा मामिलामा निवेदन पत्र, प्रत्युतर पत्र, लिखित जवाफ, पुनरावेदन पत्र दिने तथा कार्यालयका पक्षबाट उपस्थित भई पुर्पक्ष गर्न एवं वारेस नियुक्त गर्नका लागि वडाको हकमा सम्बन्धित वडाका वडा अध्यक्ष र नगरपालिकाको हकमा उप-प्रमुख श्री शुभलक्ष्मी शाक्य (सुनिता)ज्युलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ७

मिति २०७९ साल बैशाख ३० गतेको निर्वाचनमार्फत निर्वाचित सम्पुर्ण जनप्रतिनिधिहरुको सम्पती विवरण पदबहाली भएको मितिले ६० दिनभित्र नगरपालिका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

कीर्तिपुर नगर साँस्कृतिक संरक्षित क्षेत्र सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

कीर्तिपुर नगरपालिकाबाट सञ्चालित एम्बुलेन्स सेवा र काठमाण्डौ महानगरपालिकाले सौजन्य स्वरुप कीर्तिपुर नगरपालिकालाई उपलब्ध गराएको शव वाहन कीर्तिपुर नगरवासीहरुका लागि २४ सै घण्टा निःशुल्क रुपमा सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०.

कीर्तिपुर नगरपालिका, नगरकार्यपालिकाको बैठक हरेक महिनाको दोस्रो शुक्रबार र अन्तिम शुक्रबार नियमित रुपमा बस्ने र तोकिएको दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन बस्ने निर्णय गरियो ।

Scanned with CamScanner